| २०७७ बैशाख १ देखि साउन १७ गते सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | | कुल जम्मा | | |
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| १६५ | ४५ | १४१ | ६ | १३ | ३ | ४७ | ० | १६१ | **२१८** | **५८** | **३०५** |
| **२०७७ जेठ ३० मनसुन सुरु भएदेखि साउन १७ गते सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण** | | | | | | | | | | | |
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | | कुल जम्मा | | |
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| १६३ | ४५ | १४० | ३ | १२ | १ | १७ | ० | ४२ | **१८३** | **५७** | **१८३** |

# दैनिकविपद् बुलेटिन

१७साउन विहान१०:००बजेदेखि १८साउन विहान१०:००बजेसम्म

**नेपाल**मा विभिन्न जिल्लामा गरेर ५ स्थानमा **अबिरल वर्षा,** ४ स्थानमा **पहिरो,** २ स्थानमा **जंगली जनावरको आक्रमण,** १ स्थानमा **आगलागी,** १ स्थानमा **बाढी** र १ स्थानमा **ढुंगा खस्ने** घटना घटेका छन् । यी घटनामा परेर २ जनाको **मृत्यु,** ९ जना **घाईते** भएका छन् । **पहिरो**का कारण १ स्थानमा **बाटो अबरुद्ध** भएको छ ।

| मृत्यु संख्या | हराएको | घटना संख्या | घाइते | अनुमानित क्षति रु | सडक अवरोध | चौपाया क्षति |
|---|---|---|---|---|---|---|
| २ | ० | १४ | ९ | ५,९९,४०० | १ | ५ |

## घट्ना सारांश

- **मुलुकभर** गएको २४ घण्टामा विपद्का १४ वटा घट्नाहरु भएका छन् ।
- **सुनसरी**को बराहक्षेत्र नगरपालिका वडा नं १ स्थित मैनामैनीबाट चतरा पुल हुँदै भोजपुर जाने क्रममा माथिबाट अचानक **पहिरो** आई १ जनाको घटनास्थलमा नै मृत्यु, २ जना सामान्य घाईते ।बराहक्षेत्र नगरपालिका वडा नं ९ राजाबासस्थित जंगलबाट एउटा **जंगली हात्ती** आई ४ घरका अन्नपात खाई घरको टाटी र बेरा समेत भत्काईदिदा **३२ हजार** रुपैंया बराबरको क्षति ।
- **ओखलढुङ्गा**को सिद्धिचरण नगरपालिका वडा नं ११ स्थित जिल्ला कारागार कार्यालयको महिला कारागारको पश्चिम पट्टिको पेरिमीटरको पर्खाल **अबिरल बर्षा**का कारण अचानक भत्किई पेरिमीटरभित्र तान बुन्ने काम गरिरहेको **२ जना** कैदी बन्दीहरु **घाइते** ।
- **पर्वत**को आबुखैरेनी गाउँपालिका वडा नं १ समस्तीपुरस्थित घरको आँगनमा बसीरहेकी एक १० वर्षकी बालिकालाई जंगली जनावर **चितुवाले आक्रमण** गर्दा **घाईते** ।पैयुं गाउँपालिका वडा नं ६ सिरबानीस्थित एक गोठ **अबिरल वर्षाको** कारण अचानक भत्किदा गोठमा बाँधी राखेको १ वटा भैसीको मृत्यु ।

## घट्ना सारांश...

- **पाल्पा**को तिनाउ गाउँपालिका वडा नं ३ सिद्दबाबा मन्दिर नजिकैको पानी छहरास्थित सिद्दार्थ राजमार्गमा माथिबाट **ढुङ्गा खसी** बुटवलबाट पाल्पा तर्फ जाँदै गरेको जिपमा सवार **१** जना र पैदल यात्री **२** जना गरी **३ जना** घाईते ।
- **नुवाकोट**को ककनी गाउँपालिका वडा नं २ स्थित एक कच्ची घर माथिबाट **पहिरो** आई घर पछाडीको गाह्रो भत्कीई **१** जना **घाईते** । बिदुर नगरपालिका वडा नं १३ कागुनेस्थित मध्य पहाडी लोकमार्ग सडक खण्डमा **अविरल वर्षा**को कारण माथिबाट लेदो आई **२** वटा घर र ७ जनाको खेत पुरिनुका साथै उपकार ईङ्लिस बोडिङ स्कुल आधा पुरिएको ।
- **धनुषा**को गणेशमानचारनाथ नगरपालिका वडा नं ४ रातोमाटेस्थित एक कच्ची घर **अबिरल बर्षा**का कारण भत्किई घर भित्र बाधिएको गाई-२, खसि-१ र बाख्रा-१ घरले थिची मृत्यु भई **३ लाख ५० हजार** रुपैंया बरावरको क्षति ।
- **सप्तरी**को अग्निसाईर कृष्णासवरण गाउँपालिका वडा नं ६ मोहनपुरस्थित एक होटेलमा खाना पकाउने क्रममा ग्याँस लिक भई **आगलागी** हुँदा **६० हजार** रुपैंया बरावरको सामानहरु नष्ट ।
- **रुकुम पश्चिम**को बाफिकोट गाउँपालिका वडा नं ९ स्यालाखेतस्थित एक ६० वर्षीया महिला **पहिरो**मा परि सामान्य घाईते भएकोमा उपचारको क्रममा **मृत्यु** ।
- **मोरङ्ग**को मिक्लाजुङ गाउँपालिका वडा नं ३ जल्केनीस्थित बताह खोलामा आएको **बाढी**को कारण २ ओटा माछा पोखरी, शौचालय र धान खेतीमा बाढी पसी **५० हजार** रुपैंया बराबरको क्षति ।
- **बाँके**को डुडुवा गाउँपालिका वडा नं ३ कटैयास्थित एक कच्चि घर **अबिरल वर्षा**का कारण भत्किदा घर, घर भित्र रहेको अन्नपात, लत्ताकपडा, भाडाबर्तन पुर्ण रुपमा क्षति हुँदा **१ लाख ७ हजार ४ सय** रुपैंया बराबरको क्षति ।
- **बैतडी**को सुर्नया गाउँपालिका वडा नं ८ मल्लोढोलेमा **पहिरो**का कारण **२** वटा घर, अन्नपात र अन्य ४ जनाको मकैवालीमा क्षति ।

## बाटो अवरोध

- **नुवाकोट**को बिदुर नगरपालिका वडा नं १३ कागुनेस्थित **मध्य पहाडी लोकमार्ग सडक खण्ड**मा **अविरल वर्षा**को कारण माथिबाट लेदो आई **बाटो अवरुद्ध** ।


## प्रतिकार्य

- सुरक्षा निकायको टोलीबाट पहिरो, जंगली चितुवाको आक्रमण लगायतका घटनामा परी घाइते भएका व्यक्तिको उद्धार गरी नजिकैको स्वास्थ्य केन्द्रमा उपचारका लागि पुर्याइएको, स्थानीयको सहयोगमा आगलागी नियन्त्रणमा लिइएको र पहिरोबाट अबरुद्ध भएको बाटो खुलाउने प्रयास भइरहेको ।

## वर्षाको सारांश

### साउन १७ गते बिहान ०८:४५ बजे देखि साउन १८ गते ०८:४५ बजे सम्म

आज मिति २०७७/०४/१८ गते बिहान ०८:४५ बजे १७८ वटा वर्षा मापन केन्द्रहरु (मानब संचालितः ७४ र स्वचालितः १०४) मा मापन गरिएको वर्षाको विवरण अनुसार १५० वटा केन्द्रहरुमा वर्षा भएको छ (चित्र १)। उक्त केन्द्रहरु मध्ये सबै भन्दा बढि वर्षा (१५७.६ मि. मी.) डडेल्धुरा जिल्लाको चौबन्दले केन्द्रमा मापन गरिएको छ। वर्षा मापन भएका केन्द्रहरु मध्ये १ वटा केन्द्रमा १५० मि. मी. भन्दा बढि, २ वटा केन्द्रमा १०० मि. मी. भन्दा बढि, १७ वटा केन्द्रमा ५० मि. मी. भन्दा बढि, ३३ वटा केन्द्रमा २५ मि. मी. भन्दा बढि र ६० वटा केन्द्रमा १० मि. मी. भन्दा बढि वर्षा मापन भएको छ।




चित्र १: दैनिक वर्षा (छायांकित रंग) तथा केन्द्रको अवस्थिती (गोलाकार संकेत)

**वर्षा तथा जलवायु सम्बन्धि थप जानकारीको लागि [www.dhm.gov.np/climate/](http://www.dhm.gov.np/climate/)मा हेर्नुहोस।**

## बाढी पूर्वानुमान

श्रावण-१८ (आईतबार) (विहान ७ बजे देखि २४ घण्टा)

- आज कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाव बढ्ने तर सतर्कता भन्दा तलै हुने । आज कोशी, नारायणी, महाकाली र यसका सहायक नदीमा बहाब उल्लेख्य बढ्ने र केही स-साना सहायक नदीमा बहाव सतर्कता आसपास हुने पुर्वानुमान छ ।
- आज कन्काई, कमला, बागमती, पश्चिम राप्ती, बबई र यसका सहायक नदीमा सामान्य घटबढ हुने र सतर्कता तह भन्दा तलै हुने । आज कमला, बागमती, त्रियुगा, तिनाउ, पश्चिम राप्ती, बबईका केही स-साना नदीमा बहाब उल्लेख्य बढ्ने र केहीमा आकस्मिक बहाव भई सतर्कता पुग्न सक्ने पुर्वानुमान छ ।
- आज ईलाम, झापा, मोरङ, सुनसरी, धुनकुटा, खोटाङ, भोजपुर, सङ्खुवासभा, ओखलढुङगा, उदयपुर, सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, सिन्धुली, मकवानपुर, सिन्धुपाल्चोक, दोलखा, रामेछाप, काभ्रेपलाञ्चोक, नुवाकोट, काठमाण्डौ उपत्यका, रसुवा, गोरखा, धादिङ, लम्जुङ, तनहुँ, स्याङजा, कास्की, पर्वत, बागलुङ, म्याग्दी, पाल्पा, नवलपरासी, चितवन, कपिलवस्तु, रूपन्देही, दाङ, बाँके, रुकुम, सुर्खेत, बर्दिया, कैलाली, कञ्चनपुर, डडेलधुरा, बैतडी, डोटी, बाजुरा र आसपास भई बहने साना नदीमा बहाव बढ्ने तर केही साना नदीमा आकस्मिक बहाव भई सतर्कता आसपास पनि पुग्न सक्ने पूर्वानुमान रहेको छ ।

नोट :पहेलो रङले मध्यम जोखिम रहेको संकेत गर्छ। रातो रङले उच्च जोखिमको संकेत गर्छ।

थप जानकारीका लागि जल तथा मौसम विज्ञान विभागको वेभसाइटः http://hydrology.gov.np/